संविधानसभा सचिवालय



# संविधानको विधेयकको पहिलो मस्यौदाका विशेषताहरू

असार, २०७२

संविधानसभा सचिवालय,
सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं.: ४२०००२१, ४२०००७२ फ्याक्स : ४२२२९२३, ४२००१४१,
URL : http//www.can.gov.np

# संविधानको विधेयकको पहिलो मस्यौदाका विशेषताहरु

## १. प्रस्तावना

- हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता भनी जनताको नामबाट प्रस्तावना लेखन प्रारम्भ ।
- नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्ने प्रण ।
- विगतमा जनताले गरेको त्याग र वलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण ।
- सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने उद्घोषण ।
- विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्ने र समतामूलक समाजको निर्माण गर्ने संकल्प ।
- प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिवद्ध ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने उद्धेश्य ।

## २. प्रारम्भिक

- संविधान नेपालको मूल कानुन, संविधानको सर्वोच्चता, प्रत्येक व्यक्तिबाट संविधानको पालना अनिवार्य ।
- नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित ।
- बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र ।
- नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, गणतन्त्रात्मक, बहुजातीय राज्य ।
- नेपालको राष्ट्रिय हितका आधारभूत विषयहरू सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, स्वाधीनता, स्वतन्त्रता, एकता, नेपालीको हक एवं स्वाभिमानको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि हुने ।
- नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा, नेपाली भाषा सरकारी कामकाजको भाषा, प्रदेशले थप कुनै अन्य राष्ट्रभाषालाई प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने ।
- हालको नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, निशान छाप र राष्ट्रिय चिन्हलाई निरन्तरता ।

## ३. नागरिकता

- कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने, प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको ।
- नेपालमा स्थायी बसोबास भएको र जन्म हुँदाका बखत आमा र बाबु दुवै नेपाली नागरिक भएको व्यक्ति, जन्म हुँदा बाबु वा आमा मध्ये एक नेपाली नागरिक भएपनि पछि आमा र बाबु दुवै नेपाली नागरिक भएमा त्यस्तो व्यक्ति, आमा बाबुको ठेगान नभएको नेपालभित्र फेला परेको प्रत्येक नाबालिग निजको आमा वा बाबु पत्ता नलागेसम्म र नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिलाई वंशजको आधारमा नागरिकता दिने ।
- नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपालको नागरिकता लिन चाहेमा निजले विदेशको नागरिकता परित्याग गर्ने कारबाही चलाएपछि र नेपाली नागरिकसँग विवाह गर्ने विदेशी पुरुषले नेपालको नागरिकता लिन चाहेमा नेपालमा पन्ध्र वर्ष स्थायी बसोबास गरी विदेशको नागरिकता परित्याग गर्ने कारवाही चलाएमा अंगिकृत नागरिकता लिन सक्ने ।

- विदेशी नागरिकसँग विवाह भएको नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको स्वयं घोषणा गर्ने व्यक्तिले र संविधानले तोकेको शर्त पुरा भएको व्यक्तिले पनि अंगिकृत नागरिकता लिन सक्ने ।
- प्रत्येक नागरिकलाई निजको आमा वा बाबुको वंशको आधारमा लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिने ।
- विदेशी मुलुकको नागरिकता प्राप्त गरेको नेपाली मूलको व्यक्तिलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने ।
- नागरिकता सम्बन्धी अन्य व्यवस्था विद्यमान भएकै व्यवस्था यथावत राखिएको ।

## ४. मौलिक हक र कर्तव्य

- अन्तरिम संविधानले प्रत्याभूति गरेका सम्मानपूर्वक बाँच्न पाउने हक, वैयक्तिक स्वतन्त्रता, समानताको हक, आम सञ्चारको हक, न्याय सम्बन्धी हक, यातना विरुद्धको हक, निवारक नजरबन्द विरुद्धको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हक, सम्पत्तिको हक धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक महिलाको हक, बालबालिकाको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, देश निकाला विरुद्धको हक र संवैधानिक उपचारको हकलाई निरन्तरता दिएको ।
- आवासको हक, खाद्यको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, उपभोक्ताको हक, अपराध पीडितको हकलाई पहिलो पटक नयाँ मौलिक हकको रुपमा व्यवस्था गरिएको ।
- मौलिक हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नुपर्ने
- मौलिक अकको उपचारको लागि अब उच्च अदालतमा पनि निवेदन दिन सकिने
- मौलिक हकको साथै राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु र राष्ट्रले चाहेका बखत अनिवार्य सेवा गर्नु नागरिकको कर्तव्य हुने नयाँ व्यवस्था गरिएको ।

## ५. राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

- निर्देशक सिद्धान्तको रुपमा राज्यको राजनीतिक उद्धेश्य, सामाजिक सांस्कृतिक उद्धेश्य, आर्थिक उद्धेश्य र अन्तर्राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध सम्वन्धी सिद्धान्त तय गरिएको ।
- राज्यका नीतिहरू अन्तर्गत अलग अलग शीर्षकमा राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति, सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति, अर्थ र वाणिज्य सम्बन्धी नीति, कृषि र भूमिसुधार सम्बन्धी नीति, विकास सम्बन्धी नीति, प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति, नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति, पर्यटन सम्बन्धी नीति, र अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति बुंदागत रुपमा उल्लेख गरिएको ।
- नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन गर्ने, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण गर्ने तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै जाने राज्यको दायित्व हुने ।
- राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयन गर्न नेपाल सरकारले गरेका काम र प्राप्त उपलब्धि सहितको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने ।
- राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन गर्न संघीय संसदमा एक समिति रहने ।
- निर्देशक सिद्धान्त तथा नीतिको कार्यान्वयनको लागि कुनै अदालतमा प्रश्न उठाउन नसकिने ।

## ६. राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट

- संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने ।
- पहिचानका पाँच र सामर्थ्यका चार आधारमा आधारित भई नेपालमा आठ प्रदेश निर्माण गरिने । प्रदेशको समिाकंन गर्न संघीय आयोग गठन गरिने । त्यस्तो आयोगको कार्यकाल छ महीनाको हुने ।
- संघीय आयोगको सुझावको आधारमा प्रदेशको सिमाकंन सम्बन्धी अन्तिम निर्णय सो आयोगको प्रतिवेदन यस संविधान बमोजिम रुपान्तरित व्यवस्थापिका–संसदमा पेश भएको मितिले तीन महिनाभित्र व्यवस्थापिका–संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतले गर्ने ।
- प्रदेशको नामकरण सम्बन्धित प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट हुने ।
- स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने ।
- विशेषक्षेत्र सहितको विशेष संरचना कानुन बमोजिम हुने ।
- गाउँपालिका, नगरपालिका र विशेष संरचनाको संख्या र क्षेत्र निर्धारण गर्नको लागि नेपाल सरकारले एक आयोग गठन गर्ने ।
- संघको अधिकार, प्रदेशको अधिकार, साझा अधिकार र स्थानीय तहको अधिकार अनुसूचीमा उल्लेख भए बमोजिम हुने । साझा अधिकारको विषयमा प्रदेश सभाले बनाएको कानुन संघीय संसदले बनाएको कानुनसँग बाझिएमा बाझिएको हदसम्म प्रदेश सभाले बनाएको कानुन अमान्य हुने ।
- संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा संघ र प्रदेशको साझा सूचीमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधानमा नतोकिएको विषयमा अवशिष्ट अधिकार संघमा रहने ।
- संघ, प्रदेश र स्थानीय तहले आ–आफ्नो तहको बजेट बनाउने र बजेट पेश गर्ने समय संघीय कानुन बमोजिम हुने ।
- संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउँन र ती स्रोतहरुबाट राजस्व उठाउंन सक्ने ।

## ७. संघको शासकीय स्वरुप

- देशको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने ।
- नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानुन बमोजिम मन्त्रिपरिषदमा निहित हुने ।
- राष्ट्रपतिबाट यो संविधान र कानुन बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने सबै कार्य मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट हुने ।
- नेपालमा एकजना राष्ट्रपति र एकजना उपराष्ट्रपति रहने । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुने ।
- निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति वा उपराष्ट्रपति निर्वाचित हुने । कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बीच दोस्रो चरणको मतदान हुने ।
- कम्तीमा पैंतालीस वर्ष उमेर पूरा भएको, र संघीय संसदको सदस्य हुन योग्य भएको व्यक्ति राष्ट्रपति वा उपराष्ट्रपतिमा उम्मेदवार हुंन सक्ने ।
- राष्ट्रपतिको पदावधि पाँच वर्षको हुने । संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा संघीय संसदका तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा एक चौथाइ सदस्यले निजको विरुद्ध राखेको महाभियोगको प्रस्ताव संघीय संसदका दुवै सदनको संयुक्त बैठकबाट दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भएमा राष्ट्रपति वा उपराष्ट्रपति पदमुक्त हुने ।

## ८. संघीय मन्त्रीपरिषदको गठन

- राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने ।

- प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने ।
- दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा प्रधानमन्त्री बन्न नसकेमा वा विश्वासको मत पाउन नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने । त्यस्तो प्रधानमन्त्रीले विश्वासको मत पाउन नसकेमा एकपटक पुनः बहुमतको समर्थन पाउन सक्ने व्यक्तिलाई प्रधानमन्त्री बन्ने अवसर प्रदान गरिने । निजले पनि विश्वासको मत पाउन नसकेमा प्रतिनिधिसभा विघटन गरी अर्को निर्वाचनको मिति तोकिने ।
- राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट समावेशी सिद्दान्त बमोजिम बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्ने ।
- राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदको सदस्य नभएको कुनै व्यक्तिलाई उपप्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री पदमा नियुक्त गर्न सक्ने तर निजले छ महिना भित्र संघीय संसदको सदस्य बन्नु पर्ने ।
- आम निर्वाचनमा पराजीत व्यक्ति उक्त प्रतिनिधिसभाको कार्यकाल भर मन्त्री बन्न नपाउने ।

## ९. संघीय संसद

- प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदन रहेको संघीय संसद रहने ।
- प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने १६५ सदस्य र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ११० सदस्य गरी जम्मा २७५ सदस्य रहने ।
- राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट कम्तीमा दुई जना महिला सहित पाँच जनाको दरले निर्वाचित चालीस सदस्य र नेपाल सरकारको सिफारिसमा राष्ट्रप्रतिबाट मनोनीत कम्तीमा दुई जना महिला सहित पाँचजना गरी ४५ सदस्य रहने ।
- राष्ट्रियसभाका ४० सदस्य निर्वाचनको लागि प्रत्येक प्रदेशको प्रदेश सभाका सदस्य र स्थानीय निकायका प्रमुख रहेको निर्वाचक मण्डल रहने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा भुगोल, जनसंख्या र प्रादेशिक सन्तुलनको आधारमा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछ्डिएको क्षेत्र, अल्पसंख्यक समुदायको समेत समावेशी बन्द सूची बनाउनु पर्ने ।
- प्रतिनिधिसभाका सभामुख र उपसभामुख तथा राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्ष फरक फरक दल र फरक लिंगको हुनु पर्ने ।
- संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्ने । प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने र राष्ट्रियसभामा निर्वाचित भएका सदस्य मध्ये एकतिहाइ महिला नभएमा समानुपातिकबाट एकतिहाइ पुर्याउनु पर्ने ।
- प्रतिनिधिसभाको कार्यकाल ५ वर्षको हुने, राष्ट्रियसभा एक स्थायी सदन हुने, राष्ट्रियसभाका सदस्यको कार्यकाल ६ वर्षको हुने । तर यो संविधान प्रारम्भ भएपछि पहिलो निर्वाचनबाट निर्वाचित भएका सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक-तिहाइको दुई वर्ष, अर्को एक-तिहाइको चार वर्ष र बाँकी एक-तिहाइको छ वर्षको हुने गरी पदावधि कायम गरिने ।
- प्रधानमन्त्रीले कुनै पनि बखत प्रतिनिधिसभामा विश्वासको मतको लागि प्रस्ताव राख्न सक्ने तर आफू प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतको लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्नु पर्ने
- प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एक वर्ष भित्र अविश्वासको प्रस्ताव पेश गर्न नसकिने । अविश्वासको प्रस्ताव पेश गर्दा प्रधानमन्त्रीको लागि प्रस्तावित सदस्यको नाम समेत उल्लेख गर्नु पर्ने । अविश्वासको प्रस्ताव पारित भई प्रधानमन्त्रीको पद रिक्त भएमा त्यसरी प्रस्तावित सदस्य प्रधानमन्त्री पदमा नियुक्त हुने ।
- महाभियोगको सम्बन्धमा प्राप्त सूचना, जानकारी वा उजुरी माथि छानबिन गरी सिफारिस गर्न प्रतिनिधि सभामा ११ सदस्य रहेको एक समिति रहने ।

- सभामुखको सिफारिसमा प्रतिनिधिसभाको सचिव, अध्यक्षको सिफारिसमा राष्ट्रियसभाको सचिव र सभामुख तथा अध्यक्ष दुवैको सिफारिसमा महासचिवको नियुक्ति राष्ट्रपतिबाट हुने ।

## १०. संघीय संसदले कानुन बनाउने प्रक्रिया (व्यवस्थापन विधि)

- संघीय सूची र साझा सूचीको विषयमा कानुन बनाउन कुनै सदनमा विधेयक पेश गर्न सकिने । तर अर्थ विधेयक प्रतिनिधिसभामा मात्र पेश गन सकिने ।
- अर्थ विधेयक, नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी लगायत सुरक्षा निकायसँग सम्बन्धित विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत हुने ।
- संघीय संसदको एउटा सदनले पारित गरेको विधेयक यथाशीघ्र अर्को सदनमा पठाइने र सो सदनले पारित गरेपछि प्रमाणीकरणको लागि राष्ट्रपति समक्ष पेश गरिने ।
- राष्ट्रियसभाले पारित गरेको तर प्रतिनिधि सभाले अस्वीकार गरेको, वा प्रतिनिधिसभाले संशोधन सहित राष्ट्रिय सभामा फिर्ता पठाएको तर राष्ट्रियसभा सो संशोधनमा सहमत हुन नसकेको विधेयक दुवै सदनको संयुक्त बैठकमा पेश गरिने । त्यहाबाट पारित भएमा प्रमाणीकरणको लागि राष्ट्रपति समक्ष पेश गरिने ।
- अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुन: विचार विमर्श हुनु आवश्यक छ भन्ने राष्ट्रपतिलाई लागेमा विधेयक पेश भएको पन्ध्र दिनभित्र सन्देश सहित विधेयक उत्पत्ति भएको सदनमा राष्ट्रपतिले फिर्ता पठाउन सक्ने ।
- राष्ट्रपतिले फिर्ता गरेको विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी सो विधेयक प्रस्तुत रुपमा वा संशोधन सहित पारित भई पुन: पेश भएमा त्यसरी पेश भएको पन्ध्र दिन भित्र राष्ट्रपतिबाट प्रमाणीकरण गरिने ।
- संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने ।

## ११. संघीय सरकारको बजेट पेश गर्ने र पारित गर्ने प्रक्रिया (आर्थिक कार्य प्रणाली)

- कानुन बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन । कानुन बमोजिम बाहेक नेपाल सरकारले कुनै ऋण लिने र जमानत दिने छैन ।
- नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा संघीय संसदका दुवै सदनको संयुक्त बैठक समक्ष प्रत्येक वर्षको जेठ महिनाको १५ गते राजश्व र व्ययको अनुमान बजेट पेश गर्नु पर्ने ।
- नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम संघीय सञ्चित कोषमा आम्दानी बाँधिने ।
- संघीय सञ्चित कोषमाथि व्ययभार भएको रकम, विनियोजन ऐनद्वारा खर्च हुने रकम, विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेश्कीको रूपमा ऐनद्वारा खर्च हुने रकम, वा विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकममात्र संघीय सञ्चित कोषबाट झिक्न सकिने ।
- राष्ट्रपतिको खर्च, उपराष्ट्रपतिको खर्च, सर्वोच्च अदालत र संवैधानिक अदालतका न्यायाधीशको पारिश्रमिक र सुविधा, प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षलाई दिइने पारिश्रमिक र सुविधा, संवैधानिक निकायका प्रमुख र पदाधिकारीलाई दिइने पारिश्रमिक र सुविधा,प्रदेश प्रमुखको सुविधा र संवैधानिक निकायमा प्रशासनिक खर्च संघीय सञ्चित कोषमा व्ययभार हुने ।

## १२. न्यायपालिका

- नेपालमा स्वतन्त्र, सक्षम एकिकृत प्रकृतिको न्यायपालिका रहने । सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी ३ तहका अदालतहरु रहने । १० वर्षको लागि संवैधानिक अदालत रहने ।
- हरेक प्रदेशमा उच्च अदालत र जिल्लामा जिल्ला अदालत रहने ।
- खास किसिम र प्रकृतिका मुद्दाहरुको कारबाही र किनारा गर्न कानुन बमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने ।
- कानुन बमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका अन्य वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने ।

- छ महीनाभन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको क्षेत्राधिकारमा पर्ने गरी कानून बनाउन नसकिने ।
- संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतको हुने।
- सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा चौध जना न्यायाधीश रहने । सर्वोच्च अदालतमा मुद्दाको चाप बढ्न गएमा केही समयको लागि उच्च अदालतका मुख्य न्यायाधीशलाई सर्वोच्च अदालतमा काममा लगाउन सकिने ।
- सर्वोच्च अदालतलाई कानुनको न्यायिक पुनरावलोकन गर्ने, रिट जारी गर्ने, कानुन बमोजिम शुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने, साधक जाँच्ने, मुद्दा दोहऱ्याउने, वा निवेदन सुन्ने अधिकार हुने ।
- प्रधानन्यायाधीश र दुईजना वरिष्ठतम् न्यायाधीश पदेन र अन्य दुईजना कानूनविद् न्यायाधीश रहेको संवैधानिक अदालत रहने । यो अदालतले संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह एवं स्थानीय तह बीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद र संघीय संसद र प्रदेश सभाको सदस्यको निर्वाचन र योग्यता सम्बन्धी विवाद निरुपण गर्ने ।
- उच्च अदालतलाई सबै प्रकारका रिट जारी गर्ने र सार्वजनिक सरोकारको विवाद हेर्ने अधिकारक्षेत्र रहने ।
- न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिन अन्तरिम संविधानमा भए सरहको न्यायपरिषद रहने ।
- राजपत्राकित कर्मचारीको नियुक्ति सरुवा र बढुवा तथा विभागित कारवाहीमा सिफारिस गर्न संघमा संघीय न्याय सेवा आयोग र प्रदेशमा प्रादेशिक न्याय सेवा आयोग रहने ।

## १३. प्रादेशिक कार्यपालिका

- प्रदेशको कार्यकारिणी अधिकार प्रदेशको मन्त्रिपरिषदमा निहित रहने ।
- साझा सूचीमा उल्लिखित विषयका सम्बन्धमा प्रादेशिक मन्त्रिपरिषदले कार्यकारिणी अधिकारको प्रयोग गर्दा नेपाल सरकारसँग समन्वयमा गर्नु पर्ने ।
- प्रत्येक प्रदेशमा संघीय सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहने । राष्ट्रपतिले नेपाल सरकार मन्त्रीपरिषदको सिफारिसमा प्रत्येक प्रदेशको लागि एक प्रदेश प्रमुख नियुक्ति गर्ने । प्रदेश प्रमुखको पदावधि पाँच वर्षको हुने । एउटै व्यक्ति एक पटकभन्दा बढी एकै प्रदेशमा प्रदेश प्रमुख हुन नसक्ने ।
- प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने ।
- प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेशसभामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्तगर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेशप्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने ।
- दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा मुख्यमन्त्री बन्न नसकेमा वा विश्वासको मत पाउन नसकेमा प्रदेश–प्रमुखले प्रदेशसभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने । त्यस्तो मुख्यमन्त्रीले विश्वासको मत पाउन नसकेमा एकपटक पुनः बहुमतको समर्थन पाउन सक्ने व्यक्तिलाई मुख्यमन्त्री बन्ने अवसर प्रदान गरिने । निजले पनि विश्वासको मत पाउन नसकेमा प्रदेशसभा विघटन गरी अर्को निर्वाचनको मिति तोकिने ।
- प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्दान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने ।
- प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेशसभाको सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री पदमा नियुक्त गर्न सक्ने तर निजले छ महिना भित्र प्रदेशसभाको सदस्य बन्नु पर्ने ।
- प्रदेश सभाको निर्वाचनमा पराजित भएको व्यक्ति सो प्रदेश सभाको कार्यकालभर मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री बन्न नसक्ने ।

## १४. प्रादेशिक व्यवस्थापिका

- प्रदेशमा एकसदनात्मक व्यवस्थापिका रहने, यसलाई प्रदेश सभा भनिने ।

- हरेक प्रदेशमा उक्त प्रदेशबाट प्रतिनिधिसभाको लागि प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने सदस्यको दोब्बर संख्यामा हुन आउने सदस्य प्रत्यक्षबाट र उक्त संख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशत सदस्य समानुपातिक प्रणालीबाट निर्वाचित हुने ।
- प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनु पर्ने । त्यसरी निर्वाचित गर्दा प्रत्यक्षबाट निर्वाचित सदस्यहरु मध्ये कुनै राजनीतिक दलको एक तिहाई सदस्य महिला निर्वाचित नभएमा त्यस्तो राजनीतिक दलले समानुपातिक प्रणालीबाट सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा भूगोल र जनसंख्याको आधारमा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्ने ।
- मुख्यमन्त्रीले कुनै पनि बखत प्रदेशसभामा विश्वासको मतको लागि प्रस्ताव राख्न सक्ने तर आफू प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र मुख्यमन्त्रीले विश्वासको मतको लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्नु पर्ने ।
- मुख्यमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एक वर्ष भित्र अविश्वासको प्रस्ताव पेश गर्न नसकिने । अविश्वासको प्रस्ताव पेश गर्दा मुख्यमन्त्रीको लागि प्रस्तावित सदस्यको नाम समेत उल्लेख गर्नु पर्ने । अविश्वासको प्रस्ताव पारित भई मुख्यमन्त्रीको पद रिक्त भएमा त्यसरी प्रस्तावित सदस्य मुख्यमन्त्री पदमा नियुक्त हुने ।
- प्रदेशसभाका सभामुख र उपसभामुख फरक फरक दल र फरक लिंगको हुनु पर्ने ।
- प्रदेशसभाको अलग्गै सचिवालय रहने, प्रदेशप्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिव नियुक्त गर्ने ।

## १५. प्रदेश सभाले कानुन बनाउने प्रक्रिया (व्यवस्थापन विधि)

- प्रदेश सूची र साझा सूचीको विषयमा कानुन बनाउन प्रदेशसभामा विधेयक पेश गर्न सकिने ।
- अर्थ विधेयक र शान्ति सुरक्षासँग सम्बन्धित विधेयक सरकारी विधेयकको रुपमा मात्र प्रस्तुत हुने
- प्रदेशसभाले पारित गरेको विधेयक प्रमाणीकरणको लागि प्रदेशसभा समक्ष पेश गरिने ।
- प्रमाणीकरणको लागि पेश भएको अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचार विमर्श हुनु आवश्यक छ भन्ने लागेमा प्रदेशप्रमुखले विधेयक पेश भएको पन्ध्र दिनभित्र सन्देश सहित प्रदेश सभामा फिर्ता पठाउन सक्ने ।
- प्रदेशप्रमुखले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस विधेयकमाथि प्रदेश सभाले पुनर्विचार गरी सो विधेयक प्रस्तुत रुपमा वा संशोधन सहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको पन्ध्र दिन भित्र प्रदेश प्रमुखले प्रमाणीकरण गर्ने ।
- प्रदेशसभाको अधिवेशन चलिरहेको अवस्थामा बाहेक तत्काल केही गर्न आवश्यक परेमा प्रादेशिक मन्त्रिपरिषदको सिफारिसमा प्रदेश प्रमुखले अध्यादेश जारी गर्न सक्ने ।

## १६. प्रदेश सरकारको बजेट पेश गर्ने र पारित गर्ने प्रक्रिया (आर्थिक कार्य प्रणाली)

- कानुन बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन । कानुन बमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने छैन ।
- प्रदेश सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभा समक्ष राजश्व र व्ययको अनुमान बजेट पेश गर्नु पर्ने ।
- गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने ।
- प्रदेश सञ्चित कोषमाथि व्ययभार भएको रकम, विनियोजन ऐनद्वारा खर्च हुने रकम, विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेश्कीको रूपमा ऐनद्वारा खर्च हुने रकम, वा विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकममात्र प्रदेश सञ्चित कोषबाट झिक्न सकिने ।

- प्रदेश सभामुख र प्रदेश उपसभामुखलाई दिइने पारिश्रमिक र सुविधाका रकम, प्रादेशिक लोकसेवा आयोगका अध्यक्ष र सदस्यलाई दिइने पारिश्रमिक र सुविधाका रकम, प्रादेशिक सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार, प्रादेशिक सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम, र कानुनले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम प्रदेश सञ्चित कोषमा व्ययभार हुने ।

## १७. स्थानीय कार्यपालिका

- स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने
- गाउँ कार्यपालिकामा एक जना प्रमुख, एकजना उपप्रमुख र १५ जना सदस्य गरी १७ जना रहने । गाउ कार्यपालिकामा गाउसभाले निर्वाचित गरेका वडा अध्यक्षहरु र चारजना महिला र दुईजना दलित वा अल्पसंख्यक व्यक्ति सदस्य रहने ।
- नगर कार्यपालिकामा एक जना प्रमुख, एकजना उपप्रमुख र १९ जना सदस्य गरी कम्तीमा २१ जना रहने । नगर कार्यपालिकामा नगरसभाले निर्वाचित गरेका वडा अध्यक्षहरु र ५ जना महिला र ३ जना दलित वा अल्पसंख्यक व्यक्ति सदस्य रहने ।
- प्रमुख र उपप्रमुखको निर्वाचन सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्ने ।
- प्रमुख, उपप्रमुख तथा गाउँ कार्यपालिका वा नगरकार्यपालिकाका सदस्यको पदावधि पाँच वर्षको हुने ।
- प्रमुखको पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति त्यस पछि हुने गाउँपालिका वा नगरकार्यपालिकाको निर्वाचनमा उम्मेदवार हुन नपाउने ।
- गाउँ कार्यपालिका वा नगरकार्यपालिकाका प्रमुख वा उपप्रमुख वा सदस्य पदमा उम्मेदवार हुन नेपाली नागरिक, एक्काइस वर्ष उमेर पूरा भएको, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र कुनै कानुनले अयोग्य नभएको हुनुपर्ने ।
- संघीय र प्रादेशिक कानुन बमोजिम गाउँपालिका वा नगरपालिकालाई प्रदत्त मुद्दा मामिला हेर्ने अधिकारको प्रयोग गर्न प्रत्येक गाउँपालिकामा गाउँ कार्यपालिका उपप्रमुख र नगरपालिकामा नगर कार्यपालिका उपप्रमुखको संयोजकत्वमा ३ सदस्य रहेको न्यायिक समिति रहने ।

## १८. जिल्ला सभा र जिल्ला समन्वय समिति

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय तथा आवश्यक व्यवस्थापन गर्न कानुन बमोजिम एक जिल्लासभा रहने
- जिल्ला सभामा जिल्ला भित्रका प्रत्येक गाउँ कार्यपालिका प्रमुख र नगर कार्यपालिका प्रमुख सदस्य रहने ।
- जिल्ला सभाले जिल्लाभित्रका गाउँपालिका र नगरपालिका र प्रदेश बीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रादेशिक सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, प्रादेशिक कानुन बमोजिमका अन्य कार्यहरु गर्ने ।
- जिल्ला सभाले प्रादेशिक कानुन बमोजिम एक जना प्रमुख, एक जना उपप्रमुख र कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने । जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि पाँच बर्षको हुने ।
- सम्बन्धित जिल्लाभित्रको गाउँसभा वा नगरसभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुने ।
- जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने ।

## १९. स्थानीय व्यवस्थापिका

- स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगरसभामा निहित रहने । गाउँ सभा र नगरसभाको व्यवस्थापिकीय अधिकार अनुसूची-७ बमोजिमको स्थानीय तहको सूचीमा उल्लेख भए बमोजिम हुने । उक्त विषयमा गाउ सभा वा नगरसभाले कानुन बनाउन सक्ने ।

- प्रत्येक गाउँसभामा गाउँ कार्यपालिका प्रमुख र उपप्रमुख, गाउँपालिकाका हरेक वडाबाट पाँचजनाको दरले कानुन बमोजिम निर्वाचित ४५ सदस्य रहने । गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनुपर्ने ।
- प्रत्येक नगरसभामा नगरकार्यपालिका प्रमुख र उपप्रमुख, नगर कार्यपालिकाका हरेक वडाबाट पाँचजनाको दरले कानुन बमोजिम निर्वाचित कम्तीमा ५५ जना सदस्य रहने । नगरपालिकामा रहने वडासंख्याको आधारमा बढी सदस्य पनि हुन सक्ने । नगरसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनुपर्ने ।
- गाउँसभा वा नगरसभाको सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा हुने ।
- गाउपालिका र नगरपालिकाका प्रत्येक वडाबाट दुईजना महिला सहित पाँचजना सदस्य गाउ सभा वा नगरसभामा निर्वाचित हुने । गाउ सभा वा नगरसभाले ती पाँचजना सदस्यमध्ये एकजनालाई वडा अध्यक्षमा निर्वाचित गर्ने ।
- गाउँ कार्यपालिकाको प्रमुख र उपप्रमुख तथा नगर कार्यपालिकाको प्रमुख र उपप्रमुखले क्रमशः गाउँसभा र नगरसभाको अध्यक्ष र उपाध्यक्ष भई कार्य सम्पादन गर्ने ।
- गाउँसभा र नगरसभाको सञ्चालन, कानुन बनाउने प्रक्रिया, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगरसभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानुन बमोजिम हुने ।

## २०. स्थानीय आर्थिक कार्यप्रणाली

- गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेश गरी पारित गराउनु पर्ने ।
- गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानुन र प्रादेशिक कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ ।
- कानुन बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन ।
- स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु सेवा, पूँजी र श्रमको ओसार पसार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कर लगाउन सक्ने ।
- स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारका राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने ।
- स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था कानुन बमोजिम हुने ।

## २१. संघ, प्रदेश र स्थानीय तहवीच अन्तरसम्बन्ध

- संघीय कानुन नेपालभर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिने । प्रादेशिक कानुन प्रदेशले आफ्नो क्षेत्रभित्र लागू हुने गरी बनाउन सक्ने
- दुई वा दुईभन्दा बढी प्रदेशले अनुसूची-५ मा उल्लिखित प्रदेशको अधिकारको सूचीको कुनै विषयमा कानुन बनाउन संघीय संसद समक्ष अनुरोध गरेमा संघीय संसदले आवश्यक कानुन बनाउन सक्ने । त्यस्तो कानुन सम्बन्धित प्रदेशको हकमा लागू हुने ।
- संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने ।
- संघ र प्रदेश बीच तथा प्रदेश–प्रदेश बीच उत्पन्न राजनीतिक विवादको समाधान गर्न प्रधानमन्त्री अध्यक्ष र नेपाल सरकारका गृहमन्त्री, अर्थमन्त्री, सम्बन्धित प्रदेशका मुख्यमन्त्रीहरु सदस्य रहेको एक अन्तर प्रादेशिक परिषद रहने ।
- नेपाल सरकारले राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरु बीच समन्वय गर्नुपर्ने विषयमा सबै प्रदेशहरुका लागि संविधान र प्रचलित कानुन बमोजिम आवश्यक निर्देशन दिन सक्ने ।
- कुनै प्रदेशले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता वा स्वाधीनतामा गम्भीर असर पर्ने किसिमको कार्य गरेमा राष्ट्रपतिले त्यस्तो प्रदेशलाई आवश्यकता अनुसार सचेत गराउन, प्रादेशिक मन्त्रिपरिषद र प्रदेश सभा निलम्बन गर्न वा विघटन गर्न सक्ने

- कार्य पैतीस दिन भित्र संघीय संसदको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन गराउनु पर्ने, अनुमोदन भएमा ६ महिना भित्र सम्बन्धित प्रदेशमा निर्वाचन हुने ।
- निर्वाचन नभए सम्मका लागि त्यस्तो प्रदेशमा संघीय शासन कायम रहने । संघीय शासन कायम रहेको अवस्थामा संघीय संसदले प्रदेशको सूचीमा परेको विषयमा कानुन बनाउन सक्ने ।
- एक प्रदेशले अर्को प्रदेशको कानुनी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नु पर्ने ।
- एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानुन बमोजिम समान सुरक्षा र सुविधा उपलब्ध गराउनु पर्ने ।
- संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानुन बनाउने ।
- एउटा प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तु वा सेवाको आयात–निर्यात र कुनै प्रदेश वा स्थानीय तहको क्षेत्र भई नेपालका अन्य प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने कुनै वस्तु वा सेवाको ओसारपसारमा कुनै किसिमको बाधा अवरोध गर्ने वा कर लगाउने वा भेदभाव गर्ने कार्य नगरिने ।

## २२. संवैधानिक निकायहरु

- हाल कायम अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग र राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक निकायको रुपमा यथावत कायम रहेका ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, र राष्ट्रिय समावेशी आयोगलाई संवैधानिक निकायको रुपमा स्थापना गर्ने ।
- राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा संवैधानिक निकायमा प्रमुख र पदाधिकारी नियुक्त गर्ने । नियुक्त हुन पूर्व निजहरुको संसदीय सुनुवाई हुने ।
- संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने । वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु कानुन बमोजिम हुने ।
- संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनु पर्ने । संवैधानिक निकायको काम कारवाहीहरुको अनुगमन र मूल्याङ्कन प्रतिनिधिसभाको सम्बन्धित समितिबाट हुने ।
- प्रत्येक प्रदेशमा लोक सेवा आयोग रहने । अन्य संवैधानिक निकायको प्रदेशमा कानुनमा व्यवस्था भए बमोजिम शाखा कार्यालय रहन सक्ने ।

## २३. महान्यायाधिवक्ता

- राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ताको नियुक्त गर्ने । महान्यायाधिवक्ता प्रधानमन्त्रीको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने ।
- सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता भएको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिको लागि योग्यहुने ।
- महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुने । संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुने ।
- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने ।
- नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिंदा महान्यायाधिवक्ताको राय लिनु पर्ने
- महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने । मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेशप्रमुखबाट हुने । मुख्यन्यायाधिवक्ता मुख्यमन्त्रीको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने ।
- उच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता भएको व्यक्ति मुख्यन्यायाधिवक्ताको पदमा नियुक्तिको लागि योग्य हुने ।
- मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य सल्लाहकार हुने र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्यन्यायाधिवक्ताको कर्तव्य हुने ।

## २४. राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था

- नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन, नियन्त्रण र व्यवस्थापन गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषदलाई सिफारिस गर्न देहाय बमोजिमका अध्यक्ष प्रधानमन्त्री र नेपाल सरकारको रक्षा मन्त्री, गृह मन्त्री, परराष्ट्र मन्त्री, अर्थ मन्त्री सदस्यहरू रहेको एक राष्ट्रिय सुरक्षा परिषद रहने । रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषदको सचिव भई काम गर्ने
- देशको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकताको रक्षाका लागि लोकतान्त्रिक सिद्धान्तप्रति प्रतिवद्ध समावेशी नेपाली सेनाको एक संगठन रहने ।
- नेपाली सेनामा महिला, दलित, आदिवासी, जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा कानुन बमोजिम सुनिश्चित गरिने ।
- नेपाल सरकारले नेपाली सेनालाई कानुन बमोजिम विकास निर्माण र विपद व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्ने ।
- राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने र निजले कानुन बमोजिम प्रधानसेनापतिको नियुक्ति र पदमुक्ति गर्ने ।
- विपद व्यवस्थापनमा नेपाली सेना परिचालन भएकोमा बाहेक राष्ट्रिय सुरक्षा परिषदको सिफारिस बमोजिम सेना परिचालन गर्ने नेपाल सरकारबाट निर्णय भएमा त्यस्तो निर्णय भएको मितिले एक महीना भित्र संघीय संसदको विशेष सुरक्षा समितिमा प्रस्तुत भई अनुमोदन हुनु पर्ने ।
- संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय गुप्तचर तथा अनुसन्धानका संगठन रहने । प्रत्येक प्रदेशमा छुट्टै प्रहरी संगठन रहने ।

## २५. राजनीतिक दल सम्बन्धी व्यवस्था

- समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिवद्ध व्यक्तिहरूले कानुनको अधीनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनको लागि अन्य आवश्यक काम गर्न सक्ने ।
- निर्वाचन आयोगमा दल दर्ता गराउने प्रयोजनको लागि निवेदन पेश गर्दा सम्बन्धित राजनीतिक दलको विधान र वार्षिक लेखापरीक्षण प्रतिवेदनका अतिरिक्त कानुन बमोजिमका अन्य कागजात पेश गर्नु पर्ने ।
- कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता नहुने ।
- प्रदेशमा समेत कानुन बमोजिम राजनीतिक दल स्थापना, दर्ता र सञ्चालन हुन सक्ने ।
- कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिनेछ र स्वतः अमान्य हुने
- निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने दर्ता भएको प्रत्येक राजनीतिक दलले कानुन बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्ने ।

## २६. सङ्कटकालीन अवस्थाको घोषणा

- नेपालको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विशृङ्खलता, प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा राष्ट्रपतिले नेपालभर वा नेपालको कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्ने ।
- कुनै प्रदेशमा प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भएमा सम्बन्धित प्रदेश सरकारले नेपाल सरकार समक्ष यस धारा बमोजिम प्रदेश वा प्रदेशको कुनै भागमा संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्नको लागि अनुरोध गर्न सक्ने ।
- सङ्कटकालीन अवस्थाका घोषणा वा आदेश भएको मितिले एक महीनाभित्र अनुमोदनको लागि संघीय संसदका दुवै सदनमा पेश गरिने ।

- अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतले अनुमोदन गरेमा त्यस्तो घोषणा वा आदेश भएको मितिले तीन महीनासम्म कायम रहने । एकपटक तीन महिनाको लागि संघीय संसदको दुई तिहाइ बहुमतले प्रस्ताव पारित गरी बढाउन सक्ने ।
- सङ्कटकालीन अवस्थाका घोषणाको निवारण गर्न राष्ट्रपतिले आवश्यक आदेश जारी गर्न सक्ने ।
- सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्दा त्यस्तो सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग-३ मा व्यवस्था भएका मौलिक हकमध्ये केही मौलिक हक निलम्बन गर्न सकिने ।

२७. संविधान संशोधन

- नेपालको स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न नसकिने ।
- उल्लिखित विषय बाहेकको र यस संविधानको अन्य धाराको अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसदको कुनै पनि सदनमा पेश गर्न सकिने ।
- संविधान संशोधन विधेयक सम्बन्धित सदनमा प्रस्तुत भएको तीस दिनभित्र सर्वसाधारण जनताको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्ने ।
- संविधान संशोधन विधेयक कुनै प्रदेशको सीमाना परिवर्तन वा प्रदेशको अधिकारको विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक संघीय संसदमा प्रस्तुत भएको तीस दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउनु पर्ने ।
- त्यसरी पठाईएको विधेयक तीन महिनाभित्र सम्बन्धित प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी सोको जानकारी संघीय संसदमा पठाउनु पर्ने ।
- बहुसंख्यक प्रदेश सभाले संविधान संशोधन विधेयक अस्वीकृत गरेको सूचना संघीय संसद्को सम्बन्धित सदनलाई दिएमा त्यस्तो विधेयक निष्कृय हुने ।
- प्रदेश सभाको सहमति आवश्यक नपर्ने वा बहुसंख्यक प्रदेश सभाबाट स्वीकृत भई आएको विधेयक संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित गर्नु पर्ने । पारित भएको विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिने । राष्ट्रपतिले १५ दिन भित्र प्रमाणीकरण गर्ने ।

२८. विविध

- राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संघीय संसद्मा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाइ सदस्यको बहुमतबाट निर्णयभएमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिनसकिने ।
- राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुन बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने ।
- राष्ट्रपतिले नेपालको तर्फबाट प्रदान गरिने उपाधि, सम्मान र विभूषणहरू प्रदान गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपतिको पद एकसाथ रिक्त भएमा यस संविधान बमोजिम राष्ट्रपतिबाट गरिने कार्य प्रधानमन्त्रीले सम्पादन गर्ने ।
- राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्ने ।
- नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न निजामती सेवा, न्याय सेवा र आवश्यकता अनुसार अन्य सेवाहरुको गठन गर्न सक्ने । त्यस्ता सेवाहरुको गठन, सञ्चालन र सेवाका शर्त ऐन बमोजिम हुने । प्रदेश, गाउँपालिका र नगरपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्ने ।
- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाको सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित, मनोनीत वा नियुक्ति हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनु पर्ने ।

- अन्य पदमा अंगिकृत नागरिकले नागरिकता लिएको १० वर्ष, विवाहको आधारमा अंगिकृत नागरिकता पाउने महिलाले नागरिकता लिएको ५ वर्ष र पुन: नागरिकता प्राप्त व्यक्तिले नागरिकता लिएको ५ वर्ष पछि मात्र नियुक्त हुन सक्ने ।
- **अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता :** सन्धि वा सम्झौता गर्ने अधिकार संघमा निहित रहने । नेपालको प्रादेशिक अखण्डतामा प्रतिकूल असर पर्ने गरी कुनै सन्धि वा सम्झौता नगरिने, शान्ति र मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध, नेपाल राज्यको सीमाना, र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँट सम्बन्धी सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतले गर्नुपर्ने शर्त राखिने ।
- **संवैधानिक परिषद :** प्रधान न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरुको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमको प्रधानमन्त्री अध्यक्ष र प्रधान न्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र मन्त्रिपरिषदले मनोनयन गरेको एक जना महिला सदस्य रहेको एक संवैधानिक परिषद रहने ।
- **भाषा आयोग :** यो संविधान प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारले प्रदेशहरुको प्रतिनिधित्व हुने गरी अध्यक्ष र सदस्यहरु रहेको एक भाषा आयोगको स्थापना हुने । आयोगले सरकारी कामकाजको भाषाका रुपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरुको निर्धारण गर्ने, भाषाहरुको संरक्षण, संवर्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरु र मातृभाषाहरुको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने काम समेत गर्नेछ ।
- **निर्वाचन क्षेत्र निर्धारण आयोग :** संघीय संसद, प्रदेश सभा, गाउँसभा र नगरसभाको निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले एक ५ सदस्यीय आयोग गठन गर्ने । उक्त आयोगले निर्वाचन क्षेत्र निर्धारण गर्दा भूगोल र जनसंख्यालाई प्रतिनिधित्वको आधार मानी त्यस्तो निर्वाचन क्षेत्रको भूगोल, जनसंख्या र सदस्य संख्या बीचको अनुपात यथासम्भव समान हुने गरी निर्धारण गर्ने ।

## २९. संक्रमणकालिन व्यवस्था

- संविधानसभा यो संविधान प्रारम्भ भएपछि स्वत: व्यवस्थापिका–संसदमा रुपान्तरण हुने ।
- यो संविधान प्रारम्भ हुँदाका बखत व्यवस्थापिका–संसदको अधिवेशन चलिरहेको रहेनछ भने राष्ट्रपतिले यो संविधान प्रारम्भ भएको मितिले सात दिनभित्र व्यवस्थापिका–संसदको अधिवेशन आव्हान गर्ने ।
- त्यसरी व्यवस्थापिका–संसदको अधिवेशन आव्हान भएको मितिले एक महिनाभित्र व्यवस्थापिका–संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको बहुमतद्वारा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्नु पर्ने ।
- त्यसरी व्यवस्थापिका–संसदको अधिवेशन प्रारम्भ भएको मितिले सात दिनभित्र प्रधानमन्त्रीको निर्वाचन सम्पन्न गरी निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुने ।
- त्यसरी व्यवस्थापिका–संसदको अधिवेशन प्रारम्भ भएको मितिले बीस दिनभित्र व्यवस्थापिका संसदका सभामुख र उपसभामुखको निर्वाचन गरिने ।
- यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका सर्वोच्च अदालत, संविधानसभा अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरू यस संविधान बमोजिमको न्यायपालिकाको संरचना तयार नभएसम्म कायम रहने ।
- यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकाय र पदाधिकारीमध्ये यो संविधानमा उल्लेख नगरिएका संवैधानिक निकाय र पदाधिकारी यस संविधान प्रारम्भ भएपछि कायम नरहने ।
- यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका स्थानीय निकायहरु यो संविधान बमोजिम स्थानीय तहको संख्या र क्षेत्र निर्धारण नभएसम्म कायम रहने । त्यसरी कायम रहेका स्थानीय निकायहरुको निर्वाचन हुने ।
- यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका नेपाल कानुन खारेज वा संशोधन नभएसम्म लागू रहने । तर यो संविधानसँग बाझिएको कानुन यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वत: अमान्य हुने ।

## ३०. अधिकारको सूची

संघको अधिकारको सूची

- रक्षा र सेना सम्बन्धी ।

- केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा ।
- केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तीय नीति, मुद्रा र बैंकिङ्ग, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण ।
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना ।
- परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्र संघ सम्बन्धी ।
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता, सुपुर्दगी, पारस्परिक कानुनी सहायता र अन्तर्राष्ट्रिय सीमा व्यवस्थापन ।
- युद्ध र प्रतिरक्षा ।
- फौजदारी, देवानी कानुनको निर्माण लगायत ३१ वटा शीर्षकमा सूचीकृत अधिकारहरु ।

**प्रदेशको अधिकारको सूची**

- प्रादेशिक प्रहरी प्रशासन र शान्ति सुरक्षा ।
- पारिश्रमिक कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, अन्तःशुल्क, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना ।
- प्रदेशस्तरका विद्युत्, सिंचाइ आयोजना एवं अन्य आयोजना तथा परियोजना ।
- प्रादेशिक रेलवे र प्रादेशिक लोकमार्ग ।
- स्वास्थ्य सेवा ।
- प्रदेशस्तरका विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय ।
- प्रादेशिक विद्युत् आयोजना, सिंचाई आयोजना ।
- कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात, मदिरा तथा पेय पदार्थ उत्पादन, निर्माण खरीद बिक्री लगायत २६ वटा शीर्षकमा सूचीकृत अधिकारहरु ।

**संघ र प्रदेशको साझा अधिकारको सूची**

- आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन ।
- देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था ।
- सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना ।
- औषधि र विषादि ।
- सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवाद, मजदूरका हक, अधिकार र विवाद सम्बन्धी कार्य ।
- जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता ।
- प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ ।
- गरिबी निवारण र औद्योगिकरण लगायत २६ वटा शीर्षकमा सूचीकृत अधिकारहरु ।

**स्थानीय तहको अधिकारको सूची**

- स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर ।
- प्राथमिक र माध्यमिक शिक्षा ।
- आधारभूत स्वास्थ्य र सरसफाइ ।
- स्थानीय सडक/ग्रामीण सडक/कृषि सडक/सिंचाई ।
- व्यक्तिगत घटना, जन्म, विवाह, मृत्यु दर्ता ।
- खानेपानी, साना जलविद्युत आयोजना (वैकल्पिक उर्जा) ।
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता लगायत २४ वटा शीर्षकमा सूचीकृत अधिकारहरु ।